# सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क अर्घाखाँची

लुम्बिनी प्रदेश नेपाल

प.स २०७८/०७९

च.नं १०४

प्रकाशित मिति: २०७८/०८/२६

यस नगरपालिकाबाट आ.व.२०७८/०७९ को लागि स्वीकृत बार्षिक कार्यक्रम बमोजिमको योजना सञ्चालनका लागि नगरपालिकाको नगर प्रमुख खुत्रुके बचत योजना सञ्चलान कार्यविधि-२०७८ को दफा ८ को उपदफा (१) र (२) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित कागजातहरू संलग्न राखी सम्बन्धित सबैले आ-आफ्नो वडा कार्यलयमा कार्यालय समय भित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

अनुसूची- १

(दफा ८को उपदफा (१) सँग सम्बन्धित)

सूचना ।सूचना।।सूचना।।।

नेपालको संविधानको मूलमर्म र भावनालाई आत्मसात् गर्दै,लक्षित वर्गलाई लाभ पुर्याउने उद्देश्यले अभिप्रेरित भई,सन्धिखर्क नगरपालिका अन्तरगत सम्पूर्ण वडाहरुमा बसोबास गर्ने आम नगरबासी लाई लक्षित गरी नगरक्षेत्रभित्र छोरा र छोरी बीचको विभेदलाई न्यूनीकरण गर्दे छोरीलाई पनि छोरा सरह शिक्षा, स्वास्थ्य लगाएतका दैनिक जीवनका अन्य अन्तरसम्बन्धित विषयमा समान अधिकार स्थापित गरी सामाजिक न्याय कायम गर्न सँन्धिखर्क नगरपालिका,सन्धिखर्क,अर्घाखाँचीको आ.व.२०७८/०७९को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सन्धिखर्क नगरपालिकाको नगर प्रमुख खुत्रुके बचत योजना सञ्चलान कार्यविधि-२०७८ को दफा ८ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम सोही दफाको उपदफा(२)मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित कागजातहरू संलग्न राखी सम्बन्धित सबैले आ-आफ्नो वडा कार्यलयमा गई निवेदन पेस गर्नुहुन र संकलित निवेदनहरू प्रत्येक १५ दिन भित्र सम्बन्धित वडा कार्यालयले नगर कार्यपालिकाको कार्यालयमा पठाउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

वडा कार्यालयमा पेस गर्ने निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू

(क) बालिकाको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(ख) स्वास्थ्य संस्थामा जन्म भएको भन्ने व्यहोरा खुलेको सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिस ।

(ग) बालिकाको आमा र वुवाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(घ) पूर्व प्रसुति परीक्षण नियमित गरेको भन्ने स्वास्थ्य संस्थाको सिफारिस ।

(ङ) नियमित उत्तर प्रसुति सेवा गर्ने प्रतिवद्धता पत्र ।

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा: सम्पूर्ण वडा कार्यालयमा मेल गर्नु हुनका साथै
यस कार्यालयको वेव पेजमा समेत अपलोड गर्नुहुन जानकारीका लागि अनुरोध छ ।

(नारायण अर्याल)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत